# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## साईपाल गाउँपालिका

## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
**(सुदूरपश्चिम प्रदेश)**

पत्र संख्याः २०७८।७९
च.नं.३४९ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
साईपाल गाउँपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले साईपाल गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.२ करोड ९७ लाख ४३ हजार बेरुजु देखिएको छ । सो मध्ये मिति २०७८।७।१० मा प्राप्त प्रतिकृयाबाट रु.४७ लाख ५३ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु.९३ लाख ७२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५९ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.९४ लाख ९० हजार र पेश्की रु.२ लाख बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.९ करोड १७ लाख ६२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ६ करोड ७७ लाख ३९ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

साईपाल गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५२ | ३७ | २९७४३ | ० | ७ | ४७५३ | ५९ | ३० | २४९९० | ९३७२ | ९४९० | ५९२८ | ० | ० | १५४१८ | २०० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ९१७६२ | ० | ४९०१३ | ४२७४९ | ० | २४९९० | ६७७३९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : साईपाल गाउँपालिका, बझाङ , काण्ड गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राधाकृष्ण जोशी | २०७५-१२-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पवन प्रकाश भट्टराई | २०७६-९-१३ | |
| | | **बेरुजु रकम** | २४,९८९,८६७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५९,०८,२७८.२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १५,८३,३४,२७० | चालु खर्च | १२,१८,३८,१९८.७ |
| प्रदेश सरकारबाट अनुदान | २,३१,३१,००० | पूँजीगत खर्च | ९,४७,०८,३९७.१७ |
| राजश्व बाँडफाँट | ३,१३,०९,७५२.७७ | वित्तीय/अन्य व्यवस्था | १,५१,४३,१३७.११ |
| आन्तरिक आय | ७,७३,२८० | | |
| अन्य आय | १,४८,५९,१८५.७७ | | |
| कुल आय | २२,८४,०७,४८८.५४ | कुल खर्च | २३,१६,८९,७३२.९८ |
| बाँकी मौज्दात | | २६,२६,०३४.०३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँ पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, १४६७.२७वर्ग किलोमिटर क्षेत्रफल तथा २ हजार १८२ जनसंख्या रहेको छ ।<br><br>**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । स्थानीय तहको लेखाङ्कन व्यवस्थापन प्रणाली सुत्र र बैङ्क विचको तादम्यता काय गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **बैंक हिसाव मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार बैक भन्दा स्रेस्तामा मौज्दात घटी देखिएको हिसाव मिलान गर्नु पर्ने रू | २,१३१,७३७.७५ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७8 असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७8 असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | सञ्चित कोष | १४०२००९.०३ | ३५३३७४६.७८ |
| २ | चालु खाता | ० | ० |
| ३ | पूँजीगत खाता | ० | ० |
| ४ | धरैटी खाता | ९०४७२१.० | ९०४७२१.० |
| ५ | कल्याण कोष खाता | ० | ० |
| ६ | प्रकोप कोष खाता | ३१९३०४ | ३१९३०४ |
| | | २६२६०३४.०३ | ४७५७७७१.७८ |

३

**आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम

निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १८ ऐन, ५ नियमावली, १६कार्यविधि ६ निर्देशिका समेत ५२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ४ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | | |
| ५ | | | **कानून र सञ्चालन स्थिति**<br>कानून र सञ्चालन स्थितिति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४८ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १८ वटा ऐन, ५ वटा नियमावली, १६ वटा कार्यविधि लगायत ५२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएकोछ । साथै पालिकाले ५२वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेको छ । | | |
| ६ | | | **कार्य सञ्चालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | | |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><th>क्र स</th><th>कार्यक्रमको नाम</th></tr><tr><td>१</td><td>जनता सँग अध्यक्ष कार्यक्रम</td></tr><tr><td>२</td><td>लघु जलविद्युत योजना संचालन कार्यविधि</td></tr></table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>न्यायिक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको ८ गरी कूल ८ विवाद दर्ता भएकोमा ८ वटा नै फछ्यौंट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>योजना र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:</td><td></td></tr>
</table>

| क्र.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ९ |
| २ | रु एक लाखएक देखि दुइ लाख सम्मका योजना | ९ |
| ३ | रु दुइ लाख देखि पाँच लाख सम्म | ३५ |
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ८ |
| ५ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | २० |
| ६ | ५० लाख भन्दा माथीका | १ |
| | **जम्मा** | **८२** |

९

**बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कल्पना देवी गौराले २०७७।३।६ गते रु. २३ करोड २७ लाख ३४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३ ।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१०

**अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष पुर्वाधार विकास तर्फ गाँउपालिकामा रू १ करोड र ४ वडाहरुमा १६ लाख ५० हजार समेत कूल रू १ करोड १६ लाख ५० हजार समअनुदानको नाममा अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट विभिन्न योजना बनाई खर्च गरेको छ । कार्यपालिकाले आफ्नो तजविजमा रकम विनियोजन गर्न बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| ११ | | | **चौमासिक पूँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । | |
|---|---|---|---|---|

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | १२१८३८।१९८ | २४०४३।३०६ | ३१८०४।३२६ | ६५९९०।५६५ | ३५६०९।१७१ |
| पूँजिगत खर्चतर्फ | ९४७०८।३९७ | ४८०३।४१० | २६८३७।११३ | ६३०७७।८७३ | ३५४२८।१६० |
| जम्मा | २१६५४६।५९५ | २८८४६।७१६ | ५८६४१।४३९ | १२९०६८।४३९ | ७१०३७।३३१ |
| प्रतिशत | १०० | १३.३२ | २७.०८ | ५९.६० | ३२.८० |

उल्लिखित विवरण अनुसार पहिलो चौमासिकमा १३.३२ प्रतिशत, दोस्रो चौमासिकमा २७.०८ प्रतिशत, तेस्रो चौमासिकमा ५९.६० प्रतिशत र असार महिनामा मात्र ३२.८० प्रतिशत खर्च गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने पद्धतिमा सुधार गरी सार्वजनिक खर्च व्यवस्थापनमा गुणात्मक सुधार ल्याउनु पर्दछ ।

| १२ | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |
|---|---|---|---|---|

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २७५९९९९८.० | २३८४७७२१.० | ११.०५ |
| २ | पूर्वाधार विकास | ६००७२०००.०२ | ४६६०६०२१.९२ | २१.६ |
| ३ | सामाजिक विकास | ८३९४०९९४. | ८१४३४४९०.१९ | ३७.७४ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २२०६००१०.९८ | १९०४५८१६.५२ | ८.८३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६७१९१५५७.० | ४४८४७५४६.२० | २०.७८ |
| | | २६०८६४५६०. | २१५७८१५९५.८ | १०० |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३७.७४ प्रतिशत र सबै भन्दा घटी वातावरण तथा विकासमा ० प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१३

**खर्च विश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. ७७३२८०.० राजस्व बाँडफाँड र अनुदानबाट रू. १८१४६५२७०. समेत रू. २१३५४८३०३।०० आम्दानी भएकोमा चालु तर्फ रू. १२१८३८१९८।६६ र पूँजिगत तर्फ रू. ९४७०८३९७.१७ र बित्तिय ब्यबस्था तर्फ रू. ० समेत रू. २१६५४६५९५।६६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ५१८७५००. खर्च भएको छ जुन आन्तरिक आयको ६७०.८४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६ प्रतिशत चालु र ४४ प्रतिशत पूँजि निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१४

**कन्टिन्जेन्सी खर्चको अभिलेख**


https://nams.oag.gov.np

<table>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु ३५०००००.० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । अत कन्टिन्जेन्सी रकम निर्दिष्ट कार्यमा उपयोग भए नभएको एकिन हुदैन । कन्टिन्जेन्सी खर्चको लगत अद्यावधिक गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>कर्मचारी करार<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १४ जना कर्मचारीहरु करारमा राखी रु.५८०९३९०.० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वड सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>५</td><td>५</td><td>५</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>सेवा प्रवाहको स्थिति</td><td></td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | **०** |
| जन्मदर्ता | १०५ |
| मृत्युदर्ता | ५४ |
| बसाईसराई दर्ता | २ |
| विवाह दर्ता | ११ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **प'र्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० मि. |
| कालोपत्रे सडक मर्मत | 0 मि |
| ग्राभेल सडक निर्माण | ० कि.मि. |
| ग्राभेल सडक मर्मत | ० कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **पदाधिकारी सुविधा**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधाको दर अनुसार गाउँसभा सदस्य ३९ जनाको सुविधा बापत बार्षिक रु. ५१८७५००.० खर्च भएको देखियो । | |
| २० | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.८१५६९५.० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | **मन्दिर निर्माण तथा मर्मत**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ५ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ३४ लाख विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ । | |
| २२ | | | **मापदण्ड वेगर अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनु पर्दछ । तर पालिकाले देहायका नाफामूलक प्रकृतिका संस्थालाई सोझै अनुदान रकम उपलव्ध गराएको देखियो । निश्चित मापदण्ड विना छनौट भएका व्यक्ति वा संस्थालाई दिइनर् अनुदान खर्चमा प्रभावकारी नियन्त्रण हुनु पर्दछ । | |

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | उरै साइपाल सहकारी | कार्यालय व्यवस्थापन | २५००००.० |
| २ | कृषि सहकारी | कार्यालय व्यवस्थापन | २५००००.० |

२३ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च भएको देखियो ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ८४०९१२७०.० | ८२९०२५९७.८९ | ११८८६७२.११ | |
| | विषेश | ५००००००.० | ५००००००.० | ० | |
| | समपुरक | ० | ० | ० | |
| प्रदेश सरकार | शसर्त | ३००००००.० | ३००००००.० | ० | |
| | विषेश | ६८०००००.० | ६८०००००.० | ० | |
| | समपुरक | ६३३६०००.० | ६३३६०००.० | ० | |
| | अन्य | ० | ० | ० | |

२४ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि पशु, शैक्षिक सेवा, सामान खरिदमा आदीको लागि विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदान बितरण भएकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२५ **अनुगमन प्रतिवेदन**

:



https://nams.oag.gov.np

विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ ।

| **क्र स** | **स्रोत** | **योजनको नाम** | **खर्च** |
|---|---|---|---|
| १ | संघीय विशेष अनुदान | खानेपानी सम्बन्धी विभिन्न योजनाहरु | 5000000.00 |
| | **जम्मा** | | |
| १ | प्रदेश समपुरक अनुदान | काँडा मा वि भवन निर्माण | 4703688.00 |
| २ | | धुली मा वि भवन निर्माण | 4913047.00 |
| ३ | | धुली शिसु सदन भवन निर्माण | 2196861.00 |
| | **जम्मा** | | **11813596** |
| १ | प्रदेश बिशेष अनुदान | पर्यटन सूचना केन्द्र निर्माण धलौन | 1520000.00 |
| २ | | धलौन स्वास्थ्य घेरवार | 1140000.00 |
| ३ | | धलौन मा वि छात्रावास भवन निर्माण | 1900000.00 |
| ४ | | धुली मा.वि. विद्यालय भवन निर्माण | २००००००.० |
| | **जम्मा** | | **६५६0000.00** |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **बिशेष अनुदान खर्च**<br>विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुदा न. ८ मा विशेष अनुदानको रुपमा प्राप्त रकम उपभोक्ता समिति मार्फत संचालन हुने योजनामा खर्च गर्न नपाइने व्यवस्था छ । त्यसैगरी जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो त्यसै आयोजनाको लागि खर्च गर्नु पर्ने हुन्छ । पालिकालाई यो वर्ष प्राप्त भएको संघीय विशेष अनुदान रू ५० लाख विभिन्न उपभोक्ता समिति मार्फत संचालित योजनामा खर्च गरेको भनेकोमा कुन आयोजनामा कति खर्च भएको हो सो को विवरण प्राप्त हुन सकेन । योजनागत खर्च खाता तयार गरि अनुदानको निर्दिष्ट उद्देश्य अनुरुप उपयोग भएको सुनिश्चतता हुनु पर्दछ । अत कार्यविधि विपरित खर्च लेख्ने कार्य नियम सम्मत नदेखिएकोले नियमित गर्नु पर्ने रू | ५,०००,००० |
| २७ | | | **भुक्तानीमा कर**<br>आयकर ऐन, २०५८ को दफा ८९ मा ढुवानी भुक्तानीमा २.५ प्रतिशतले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले रामखोला झोलुङ्गे पुल निर्माणको लागि स्टिल पार्टसहरु ढुवानी वापत सिम्रिक एयर प्रा लिलाई हेलिकप्टर भाडाको रुपमा भौ.न. १६४।३।२५ बाट रू. १५४३१६२।०० भुक्तानी गरेकोमा नियमानुसार लाग्ने अग्रिम ढुवानी कर कट्टी नगरेकोले नपुग कर कट्टी असुल गर्नुपर्ने रु. | ३८,५८० |
| २८ | | | **मूल्य अभिबृद्धि कर भुक्तानी**<br>मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ दर्ता नभएको व्यक्तिले मूल्य अभिवृद्धि कर संकलन गर्न नपाइने व्यवस्था छ । पालिकाले निम्नानुसार योजनाको लागि दर रेट विश्लेषणमा निर्माण सामाग्री खरिदमा मु अ कर समेत राखी दर कायम गरेकोमा पेश भएका विल भरपाईहरुमा मु अ कर मा दर्ता नभएका व्यक्ति तथा फर्महरुबाट सामान खरिद गरेको देखिएकोले मु अ कर वापत भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिका सदस्यहरुबाट असुल हुनु पर्ने रु | ३०,०९५ |

| भौ न मिति | योजनाको नाम | आपुर्तिकर्ताको नाम | सामाग्री विवरण | भुक्तानी भएको रकम | मु अ कर भुक्तानी |
|---|---|---|---|---|---|
| 29/ 078/1/15 | वारु ज्योती कौगेल खा पा नि उ स | लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स | हार्डवेयर सामान | 182150.00 | 20955.00 |
| 29/ 078/1/15 | वारु ज्योती कौगेल खा पा नि उ स | सुरत हार्डवेयर एण्ड सप्लायर्स | हार्डवेयर सामान | 16500.00 | 1898.23 |
| 78/ 1/21 | काँडा मा वि खानेपानी नि उ स | किस सप्लायर्स | खानेपानीका फिटिङ्स | 62949.00 | 7242.00 |
| | | | | 261599 | 30095.23 |

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **उपभोक्ता समिति दर्ता** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ८३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ७ करोड ६६ लाख ८१ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ३० | | | **हेभि इक्विपमेन्ट प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| ३१ | | | **नर्म्स भन्दा बढी भुक्तानी**<br>सडक विभागले जारी गरेको Norms for Rate Analysis, 2075 मा श्रमिक द्वारा सबै प्रकारका माटो काट्ने कार्यको नर्मसमा १२ घन मिटरको लागि १ सिपालु श्रमिक र ८ अदक्ष श्रमिक लाग्ने उल्लेख छ । जस अनुसार यस स्थानीय तहको स्वीकृत ज्याला दर अनुसार प्रति घन मिटर सबै प्रकारको माटो काट्न ३ प्रतिशतको टुल्स सहित रू ६३५।०० कायम हुन जान्छ । पालिकाले उपभोक्ता समितिहरु मार्फत निम्नानुसार योजनाको सडकको माटो काट्ने काममा उल्लिखित दर भन्दा बढी दर कायम गरी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रू. | ४५४,४२७ |

| भौ न मिति | योजना तथा उपभोक्ता समितिको नाम | वास्तविक भन्दा बढी देखिएको परिमाण | भुक्तानी भएको दर | बढि भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| 23/9/8 | न्यूना दारभाटे बाटो निर्माण उ स | 977 m3 | 663.32 | 28.32 | 28669.00 |
| 34/9/17 | घाटरखोला रामखोला बाटो नि उ स | 1245 m3 | 758.08 | 123.08 | 153234.6 |
| 43/9/20 | काया खचैडी बाटो निर्माण उ स | 49.44 m3 | 758.08 | 123.08 | 6085.0752 |
| 77/12/6 | न्यूना हेलिप्याड निर्माण उ स | 594 m3 | 659.20 | 24.2 | 14374.8 |
| 108/2/27 | न्यूना देखी दारभाटे र खानी बाटो नि उ स | 684 m3 | 663.00 | 28.32 | 19370.88 |
| 122/3/20 | घाटखोला रामखोला बाटो नि उ स | 1251 m3 | 758.08 | 123.08 | 153973.08 |
| 136/3/23 | लागामाण्डु देखि घाटखोला सम्म बाटो नि उ स | 775 m | 659.20 | 24.2 | 18755 |
| 171/3/25 | धुली देखि स्याम्बन सम्मको बाटो निर्माण उ स | 790 m3 | 659.20 | 24.2 | 19118 |
| 172/3/25 | गुदुपाल न्यूना बाटो निर्माण उ स | 795.38 m3 | 659.20 | 24.2 | 19248.196 |
| 173/3/25 | बलौडी निलकण्ठ सम्मको बाटो नि उ स | 892.50 m3 | 659.20 | 24.2 | 21598.5 |
| | **जम्मा** | | | | 454427.13 |

३२

**बढी परिमाणको भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्नानुसारको कार्यको नापजाँच गर्दा वास्तविक परिमाण भन्दा बढी परिमाणको कार्य उल्लेख हुन गइ भुक्तानी भएको देखिएकोले बढी भएको भुक्तानी रकम सम्बन्धित उपभोक्ता समितहरुबाट असुल गर्नु पर्ने रु

११४,५००

| भौ न मिति | योजना तथा उपभोक्ता समितिको नाम | वास्तविक भन्दा बढी देखिएको परिमाण | दर | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५९। १०। २६ | देउपाडी मन्दिर नि उ स | Stone Soiling 3.2875 cum | 6086.40 | 20012.33 | वालको चौडाई नघटाइ कोठाको एरीया कायम गरी परिमाण उल्लेख भएको । |
| ८७। १२। २६ | साइपाल नाम्खा गुम्बा नि उ स | Stone Masonry 7.326 m3 | 11520 | 84395.52 | जग र सुपरस्ट्रक्चरमा छोटो वाल २ मात्र भएको अवस्थामा प्लिन्थ लेभलमा ३ वटा छोटो वालको गारोको काम देखाएको । |
| ८७। १२। २६ | साइपाल नाम्खा गुम्बा नि उ स | Stone Soiling 0.942 cum | 10713 | 10091.65 | वालको चौडाई नघटाइ कोठाको एरीया कायम गरी परिमाण उल्लेख भएको । |
| | जम्मा | | | **114499.5** | |

३३

**गडघट्ट लघु जलविद्युत आयोजना**

गत वर्ष रु १ करोड २८ लाख १९ हजार खर्च भएको यस योजनामा यो वर्ष रु ८२ लाख ६५ हजार समेत कूल २ करोड १० लाख ८४ हजार खर्च भएको छ ।जसको स्रेस्ता अध्ययन बाट देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

३४

**उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले यो वर्ष गाउँपालिकाको गडघट्ट लघु जलविद्युत कार्यको लागि उपभोक्ता समिति मार्फत पटक पटक गरी रू ८२ लाख ६५ हजार भुक्तानी गरेको छ । जसको कूल लागत अनुमान रू १ करोड ७ लाख ४० हजार हुन जान्छ । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **लागत अनुमान,डिजाइन र जनसहभागिता-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले विभागीय नर्मस अनुसार लागत अनुमान तयार गर्नु पर्ने र सोही अनुसार निर्माण कार्य खरिद गर्नु पर्ने व्यवस्था छ ।त्यासै गरी नियमावलीको नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गर्दा जन सहभागिताको अंश समेत खुलाउनु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत संचालित गडघट्ट लघु जलविद्युत आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन २०७० साल तिर बनेको (मौखिक जवाफको आधारमा) देखियो । पालिकाबाट स्रेस्ता पेश नहुदा कूल लागत अनुमान एकिन हुन सकिएन । गत वर्ष रू १ करोड २८ लाख १९ हजार खर्च भएको यस योजनामा यो वर्ष रू ८२ लाख ६५ हजार समेत कूल २ करोड १० लाख ८४ हजार खर्च भएको छ । वास्तातविक लागत अनुमान एकिन नहुदा योजनामा उपभोक्ता समितिको योगदान एकिन हुदैन । प्राप्त प्राप्त प्राविधिक नापजाँच तथा विल भरपाईको आधारमा रकम भुक्तानी गरिएकोले के कस्तो डिजाइनमा बन्नु पर्ने हो र सो बजार लागत कति हुनु पर्ने हो समेत जानकारी हुदैन । डिजाइन ड्रइङको आधारमा बनेको र जनसहभागिताको अंश समेत एकिन हुनु पर्दछ । | |
| ३६ | | | **उपकरण खरिद-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा श्रममूलक काम मात्र उपभोक्ता समिति मार्फत गरिने व्यवस्था छ । यस योजनाको लागि रू ७६ लाख १८ हजार २५५ बराबरको आवश्यक मेशिनरी समान तथा विद्युतीय उपकरण खरिदको कार्य उपभोक्ता समितिलाई नै दिएको देखियो । उपभोक्ता समितिले कोटेशन मार्फत ईनोभेटिभ एण्ड सस्टेनेवल टेक्नोलोजी सोलुसन प्रा लि संग सामान खरिदको लागि सम्झौता गरेको देखियो । उपभोक्ता समिति र प्रा लि विच भएको सम्झौता पत्रमा सम्झौता बमोजिमको रकमको ३५ प्रतिशत सम्झौता पत्रमा हस्ताक्षर पश्चात, २५ प्रतिशत उपकरणहरु जाँच निरिक्षण गरी सप्लायर्स बाट बुझे पछी, २५ प्रतिशत उपकरण जडान गर्ने कर्मचारी योजनास्थल पुगे पश्चात र बाकि १५ प्रतिशत तोकिए बमोजिम २६ किलोवाटको विद्युत उत्पादन भएको सुनिश्चित भए पश्चात भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले समिति मार्फत उपकरण वापत गत वर्ष रू ५४९६३१५।०० र यो वर्ष रू १२६२४०७।०० समेत गरी जम्मा रू ६७५८७२२।०० भुक्तानी गरेको देखियो । सम्झौता अनुसार उपकरण जाँच तथा निरीक्षण गरेको प्रतिवेदन पेश नहुनुको साथै २६ किलोवाट विद्युत उत्पादन भएको प्रमाण पेश नहुदै सबै रकम भुक्तानी गरको देखियो ।पालिकाबाट हाल सम्म २१ किलोवाटको विद्युत उत्पादन हुन सक्ने जानकारी प्राप्त भयो । अतः उपकरणको जाँच निरीक्षण भएको प्रमाणित भए पश्चात सम्झौता रकमको ८५ प्रतिशतले हुने रू ६४७५३००।० मात्र भुक्तानी गरी बाकी रकम २६ किलोवाट विद्युत उत्पादन भएको प्रमाणित भए पश्चात भुक्तानी हुनु पर्नेमा सम्झौताको ८८.८७ प्रतिशत भुक्तानी भएको देखिएकोले उल्लिखित प्रमाणहरु पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रू | १,२६२,४०७ |
| ३७ | | | **योजनाको गुणस्तर आस्वस्थता-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा सार्वजनिक निकायले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउदा विस्तृत सम्भाव्यता अध्ययन गर्ने, डीजाइन स्वीकृत गर्ने, लागत अनुमान स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने, सुपरीवेक्षण गरी आवश्यक गुणस्तर नियन्त्रण गर्नु पर्ने कार्य उल्लेख छ । पालिकाबाट पेश भएको विवरण अनुसार गत वर्ष रू १ करोड २८ लाख खर्च भएकोमा यो वर्ष २०७७ श्रावणमा आएको बाढीले रू १ करोड १९ लाख ५० हजार बराबरको क्षति भएको मुचुल्का सहितको प्रतिवेदन पेश भएको छ ।विद्युतीकरण जस्तो जटिल कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने तर कुनै आधिकारिक | |

निकायबाट गुणस्तर सुनिश्चतता प्रमाणित नगरेको देखिएकोले गुणस्तर नियन्त्रणमा पालिकाको ध्यान जान सकेको देखिएन । अतः क्षतिलाई न्यूनिकरण गर्न आवश्यक अध्ययन गरी सार्वजनिक स्रोतको महत्तम उपयोगमा पालिकाको ध्यान जानु पर्दछ ।

३८

**जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार पुल तथा ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्: नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| सि न | योजनाको नाम | खर्च रकम |
|---|---|---|
| १ | रामखोला झोलुङ्गे पुल निर्माण उ स | **2547992.00** |
| २ | लोकन्ते खोला लघु जल विद्युत उ स | **950000.00** |
| ३ | गडघट्टा लघु जल विद्युत नि उ स | **8265000.00** |
| ४ | थरुनीघाट लघु जलविद्युत नि उ स | **2461000.00** |

३९

**बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु ९ करोड ४७ लाख ८ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४०

**खरिदमा प्रतिस्पर्धा**



https://nams.oag.gov.np

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउन विभिन्न खरिद विधिहरुको प्रावधान छ । पालिकाले यो वर्ष पुजिगत प्रकृतिका खरिदमा रु ९ करोड ४७ लाख ८ हजार खर्च गरेकोमा १ वटा सिलवन्दी दरभाउपत्र मार्फत रु ३३ लाख ४५ हजार र १ वोलपत्र मार्फत ३३ लाख ४५ हजार समेत कूल ६६ लाख ९० हजारको खरिदमा मात्र प्रतिपर्धा कायम भएको छ । बाकी ९३ प्रतिशत खरिद उपभोक्ता समिति वा सोझै विधिबाट भएको देखियो । खरिदलाई प्रतिस्पर्धात्मक र खुला बनाई सार्वजनिक स्रोतको महत्तम उपयोग हुनु पर्दछ ।

४१ **डिपिआर खर्च**

सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| स्वास्थ्य कार्यालय डीपीआर | अलस्टार सोलोसन | २०२८०००.० | २०२८०००.० | १८६३०००००.० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

४२ **निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वियन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वियन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।

४३ **मालसामान तथा उपकरण खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने र नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका निम्नानुसार माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन भने उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषता भए नभएको एकिन गर्न सकिएन ।

| भौ.न. र मिति | मालसामानको विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ४१।२।२३ | सोलास सिस्टम | सुदूरपश्चिम सोलार कम्पनी प्रा लि | 300000.00 |
| २०।९।५ | ईन्जीनियरीङ् उपकरणहरु | विभिन्न कम्पनिहरु | 950000.00 |

४४ **सम्झौताको कार्यान्वयन** ९९०,११६

सावजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद सम्झौतामा उल्लिखित शर्त अनुसार सम्पादित कार्यको भुक्तानी हुनु पर्ने व्यवस्था छ । वडा न १ र २ को स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागि कार्यालय र सुविशा निर्माण सेवा सँग क्रमस रू ३४४३०९६।०० र ३१४३७२७।०० समेत कूल रू ६५८६८२३।०० (मुअकर समेत) मा सम्झौता भएको र सोही अनुसार प्राविधिक नापजाँच सहितको ठेक्का विल समेत पेश भएकोमा निम्नानुसार विभिन्न मितिको भौचरबाट रू ७५७६९३९।०० भुक्तानी भएको देखियो । यस निर्माण सेवालाई भुक्तानी गर्दा ६.छ प्रतिशतले हुने निम्नानुसार रू ४४७९५९।०० मु अ कर कट्टी गरी राजस्व खाता दाखिला गरेको देखियो । जस अनुसार यस निर्माण सेवालाई भुक्तानी भएको मु अ कर समेत कूल रू ७७८७५९५।०० भएको देखिन्छ । सम्झौताको रकम भन्दा बढी भुक्तानी भएको रकम एकिन गरि सम्बन्धित निर्माण सेवाबाट असुल गर्नु पर्दछ ।

| भुक्तानी मिति | भुक्तानी रकम | कैफियत |
|---|---|---|
| 2077/3/29 | 622940.00 | कुनै कट्टी नभएको |
| 2077/3/16 | 2979417.00 | ,, |
| 2077/3/26 | 1574582.00 | ,, |
| 2077/12/08 | 1900000.00 | ,, |
| 20778/9/29 | 500000.00 | ४४७९५९।९७ मुअकर कट्टीको भौचर पेश |
| **जम्मा** | 7576939.00 | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | | | **विल विजक**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच सहितको वास्तविक कार्य सम्पदानको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले रामखोला झोलुङ्गे पुल निर्माण कार्यको लागि रू २५४७९९२।०० भुक्तानी भएकोमा प्राविधिक नापजाँच पेश नभएकोले वास्तविक कार्य सम्पादन एकिन हुन सकेन । प्राविधिक नापजाँच र सोही अनुसारको विल भरपाई पेश गर्नु पर्ने रू<br>कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु२५४७९९२। मिति २०७८।८।६ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ४६ | | | **मूल्य अभिबृद्धि कर भुक्तानी**<br>मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क मा सरकारी निकायले ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा आपुर्ति वापत आपुर्तिकर्तालाई भुक्तानी गरिने कर रकमको ५० प्रतिशत रकम निज आपुर्तिकर्ताके नामबाट सम्बन्धित आन्तरिक राजस्व शिर्षकमा जम्मा गर्नु पर्ने हुन्छ । पालिकाले भौ न १०२।२।१३ बाट प्रशान्त निर्माण सेवालाई गत वर्ष रकम भुक्तानी गर्दा मु अ कर बढी काटिएको भनि यो वर्ष रू १५०११२।०० भुक्तानी गरिएको छ । कट्टी गरिएको मूल्य अभिवृद्धि कर रकम निजकै नाममा राजश्व दाखिला गरिने र निजले नै क्रेडिट दावी गरि भविष्यमा असुल गरेको मुअकर सँग मिलान गरिने भएकोले बढी कट्टा गर्दा वास्तवमा निजलाई कुनै घाटा नहुने भएकोले यो वर्ष भुक्तानी गरिएको रकम अनावश्यक थप भुक्तानी हुन गएको छ । अत निजलाई यो वर्ष भुक्तानी भएको रकम असुल हुनु पर्दछ । | १५०,११२ |
| ४७ | | | **विमा नगरेको** | |

| | | | सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोकेबमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ । | |
|---|---|---|---|---|

| क्र स | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम | लागत अनुमानमुअकर बाहेक | सम्झौता रकम मुअकर बाहेक |
|---|---|---|---|---|
| 1 | काडा मा वि भवन निर्माण | मिलन निर्माण सेवा | 4933654.00 | 4921444.00 |
| 2 | धुली सिशु सदन भवन निर्माण | कैलाशदेव निर्माण सेवा | 2301199.00 | 2298569.00 |
| 3 | २ न. वाडा कार्यालय भवन निर्माण | एन वि निर्माण सेवा | 7653789.00 | 7588414.00 |
| 4 | धुली मा वि भवन निर्माण | साईपाल निर्माण सेवा | 4925906.90 | 4914253.00 |
| 5 | वडा न १ कार्यालय भवन | पिटी निर्माण सेवा | 3349253.83 | 3497450.00 |
| | **जम्मा** | | 23163802.73 | 23220130.00 |

| | | | | |
|---|---|---|---|---|
| ४८ | | | **बढी भुक्तानी**<br>प्रदेश सशर्त पूँजीगत तर्फ<br>:<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले विल विजकको रकम भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको स्वीकृत दरले भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नियमावलीको नियम ९७ मा दर विश्लेषण अनुसार कायम दरबाट मुअकर तथा ओभरहेड वापतको रकम घटाएर भुक्तानी गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यस बर्ष निम्न योजनाहरुमा दर विश्लेषणबाट कायम दर भन्दा बढी दर राखि वा दरमा ओभरहेड समेतको भुक्तानी गरेकोले उक्त बढी भुक्तानि भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ । | १९१,६७४ |

| योजनाको नाम | भएको कार्य | हुनुपर्ने दर | भएको दर | बढि भुक्तानि | कैफियत |
|---|---|---|---|---|---|
| धलौन मा.वि. भवन निर्माण | **stone soiling 7.76 cum** | 10713 | 16368 | 43883 | super structure rate in substructure |
| | **26 gauge color CGI roofing work 128 sqm.** | 1565.8 | 1800.72 | 30070 | rate with overhead |
| | **26 gauge plain sheet roofing work 128 sqm.** | 703.049 | 808.51 | 1740 | rate with overhead |
| पर्यटन सुचना केन्द्र | **pcc 1:3:6 wall 3.72 cum** | 30794.72 | 43109.18 | 45810 | **rate analysis** भन्दा बढि दर |
| | **pcc 1:3:6 toilet wall 0.47 cum** | 30794.72 | 43109.18 | 5788 | |
| थलौन सामुदायीक स्वास्थ्य चौकि घेरवार | **pcc 1:3:6 wall 1.2 cum** | 30794.72 | 43109.18 | 14777 | |
| | **angle post 30 no. in mb but 25 no. in u.c.bill** | 2600 | | 13000 | नापी किताब भन्दा खरिद संख्या कम भएको |
| कायाखोला लघु जलविद्युत आयोजना | **pcc 1:3:6 base of canal 6.89 cum** | 33965.84 | 38232.5 | 29397 | **rate analysis** भन्दा बढि दर |
| धुली मा.वि. भवन निर्माण | **pcc 1:3:6 on floor 1.69 cum** | 46340 | 50606 | 7209 | **rate analysis** भन्दा बढि दर |
| जम्मा | | | | 191674.० | |

४९

**शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गतका निम्नानुसार विभिन्न तहका ८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।शिक्षक र विद्यार्थीको अनुपात निर्देशिकाले तोकिए बमोजिम कायम गर्नु पर्दछ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | धलौन मावि | ३ | ३ | १३ | ३०७ |
| २ | काडाँ मावि | ३ | ३ | १२ | २८८ |
| ३ | धुली निमावि | २ | २ | ११ | १९४ |
| ४ | तपोवन जनज्योति प्रावि | २ | २ | २ | ३६ |
| ५ | भवानी प्रावि | २ | १ | ५ | ९१ |
| ६ | मानसरोवर प्रावि | ० | ० | २ | ३४ |
| ७ | सूर्मदिवी प्रावि | ० | ० | २ | ६४ |
| ८ | वालविकास प्रावि | ० | ० | २ | ८१ |

| | | | | |
|---|---|---|---|---|
| ५० | | | **शिक्षकको तलवी प्रतिवेदन**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ अनुसार स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलबी प्रतिवेदनको अधकारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । गाउँपालिकाले आ.व. २०७७।७८ मा पालिका भित्रका सम्पूर्ण शिक्षकको तलबी प्रतिवेदन पारीत नगराई विद्यालयले माग गरेको आधारमा तलव भत्ता भुक्तानी गरेको छ । जसबाट विद्यालयका सम्पूर्ण शिक्षकको तलब र ग्रेड एकिन गर्न सकिदैन । | |
| ५१ | | | **निजि शिक्षकलाई शसर्तबाट तलव भुक्तानी**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को खण्ड २ (१) अनुसारका शसर्त कार्यक्रम तर्फको तलब कार्यक्रममा स्वीकृत दरबन्दी, राहत अनुदान प्राविधिक धारमा शिक्षक लेखाजोखा संयोजकको मात्र तलबभत्ता समावेश गरिएको उल्लेख छ । गाउँपालिकाले निर्देशिका विपरित देहायबमोजिम गाउँपालिकाले नियुक्त गरेका शिक्षकको तलब भत्ता वापत रु.७०७२६०२.० खर्च लेखेको छ । तोकीएको मार्गदर्शन विपरित हुने गरी बढी खर्च गरीएको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | ७,०७२,६०२ |

| भौ.नं. | निकासा | हुनुपर्ने | भएको | बढी निकासा |
|---|---|---|---|---|
| ७ | प्रथम चौमासिक | ३३८५२३६.० | ६२५५७३६.० | २८७०५००.० |
| ८३ | दोस्रो चौमासिक | २७७६०९७.० | ५१२००९७.० | २३४४०००.० |
| १६१ | तेस्रो चौमासिक | ३५६८८५६.० | ५४२६९५८.० | १८५८१०२.० |
| जम्मा | | ९७३०१८९.० | १६८०२७९१.० | ७०७२६०२.० |

५२

**बढी ग्रेड भुक्तानी**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । गाउँपालिकाले देहायका शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवदेनका आधारमा तलब भत्ता भुक्तानी गर्नुपर्नेमा देहायबमोजिम शिक्षकको ग्रेड बापतको रकम रु.१०७५३६।- बढि भुक्तानी गरेकोले बढी ग्रेड रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| विद्यालय | शिक्षकको नाम थर | मासिक वढि ग्रेड | भुक्तानी महिना | ग्रेड दर | रकम (१०% संचय कोष सहित) |
|---|---|---|---|---|---|
| धुली माध्यमिक विद्यालय | नवराज जोशी | १ | १३ | ९४० | १३४४२.० |
| धुली माध्यमिक विद्यालय | विर्खराज जोशी | ७ | १३ | ९४० | ९४०९४ |
| जम्मा | | | | | १०७५३६.० |

१०७,५३६

५३

**छात्रावृति वितरण**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ को सि.नं. ४.२ मा कक्षा १-८ सम्म अध्यायनरत EMIS मा प्रविष्ट विद्यार्थी संख्याका आधारमा प्रति विद्यार्थी रु.४००।– का दरले छात्रा छात्रवृत्ती र दलित छात्राबृत्ती वितरण गर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिमको विद्यालयहरुमा EMIS मा प्रविष्ट विद्यार्थी संख्या भन्दा बढी विद्यार्थीलाई छात्रावृत्ती रकम निकासा गरेकोले वढि रकम रु असुल गरी दाखिला गर्नुपर्ने रु.

३५,२००

| क्र.सं. | विद्यालयको नाम | EMIS विद्यार्थी संख्या | निकासा विद्यार्थी संख्या | रकम |
|---|---|---|---|---|
| १ | धुली मा.वि. | ८८ | ९७ | ३६००. |
| २ | मानसरोवर प्रा.वि. | ० | ८ | ३२००.० |
| ३ | साइपाल वालविकास केन्द्र | ० | ८ | ३२००.० |
| ४ | काँडा मा.वि. | १२३ | १५२ | ११६००.० |
| ५ | धलौन मा.वि. | १२३ | १४९ | १०४००.० |
| ६ | सुर्मादिवी प्रा.वि. | ० | ८ | ३२००.० |
|  | जम्मा | ३३४ | ४२२ | ३५२००.० |

५४

**भुक्तानी बाँकी विवरण**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० मा चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व श्रृजना गर्न नहुने, तर विशेष कारण एवं परिस्थितिबश चालू बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बिल भर्पाइ बमोजिमको रकम आगामी वर्षमा भुक्तानि दिन पर्ने कारण खोली महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण पन्ध्र गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने उल्लेख छ । गाउँपालिकाले गत आर्थिक वर्षको नपुग रकम भनि देहायबमोजिम भुक्तानी गरेकोमा भुक्तानी बाँकी विवरण प्रमाणित गराएको पाइएन जसबाट वास्तविक रुपमा नै भुक्तानी दिन वाँकी हो होइन एकिन हुन सकिदैन । अत नियमावली तोके अनुसार भुक्तानी बाँकी विवरण प्रमाणित गरेर मात्र खर्च लेख्नुपर्दछ ।

| भौ.नं. | कार्यक्रम | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| १२ | पाठ्यपुस्तक रकम नपुग | धुली मा.वि. | ४६९२९.० |
| ३० | पाठ्यपुस्तक रकम नपुग | काँडा मा.वि. | ८४६०४.० |
| ३० | छात्रावृत्ती नपुग | काँडा मा.वि. | ९८००.० |
| ४८ | पाठ्यपुस्तक रकम नपुग | धलौन मा.वि. | ४००८०.० |
| ७७ | पाठ्यपुस्तक वापतको रकम | काँडा मा.वि.को रकम अम्मर वोहराले भुक्तानी लिएको | ११००००.० |
| जम्मा | | | २९१४१३.० |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **अवास्तविक लागत अनुमान**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० र ११ मा वास्तविक आवश्यकताको आधारमा लागत अनुमान तयार गरी सोही परिमाण प्रतिस्पर्धात्मक प्रचलित बजार दरमा प्राप्त गर्नुपर्ने व्यवस्था छ । पालिकाले धुली मा वि लाई रू १७१००००।०० भुक्तानी गरि १०० डेस्क तथा ९० बेन्च खरिद गरि उपलव्ध गराएको छ । तर विद्यालयमा कूल १८४ जना मात्र विद्यार्थी रहेको अवस्थामा पुरानै विद्यालय भएको र पुरना डेस्क वेन्च समेत हुन सक्ने अवस्थामा एकातिर छ भने पुराना कुनै डेस्क बेन्च नभए पनि सबैलाई नया नै दिने हो भने पनि करिव ८ फिट लामो डेस्क वेन्चमा न्यूनतम ३ विद्यार्थी बस्दा समेत ६१ बेन्च मात्र आवश्यक पर्ने देखिन्छ ।अत वास्तविकतामा आधारित रहि खरिद नहुदा ३० डेस्क बेन्च बापत अनावश्यक रू.६१२०००।०० व्ययभार पारेकोले नियमित हुनु पर्दे रू<br>कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु.६१२०००। मिति २०७८।८।६ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ५६ | | | **सेनिटरी प्याड खरिद**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६।७७ को सि.नं. १० अनुसार सामुदायिक विद्यालयमा अध्यायनरत कक्षा ६-१२ सम्मका छात्राहरुको तथ्याङ्कको आधारमा बार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाउने उल्लेख छ । गाउँपालिका अन्तर्गतका विद्यालयमा कक्षा ६-१२ सम्म अध्यायनरत छात्राको संख्या जम्मा १३३ जना रहेको अवस्थामा पालिकाले बेदकोट ट्रेडर्स एण्ड सप्लायर्सबाट विभिन्न मितिमा जम्मा ७३३२० थान सेनिटरी प्याड रु. १५ दरले खरीद गरी रु.११००२६९।– खर्च लेखेको छ । जस अनुसार प्रति विद्यार्थी प्रति महिना ४६ थान सेनिटरी प्याड खर्च भएको देखिन्छ । मैनावारी भएको समयमा अधिकतम दिनको १ प्याड(६ पिस) प्रयोग गर्दा ७ दिनको ७ प्याड प्रयोग गर्ने हिसावले १३३ छात्रालाई १२ | ७१७,२२० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | महिनाकै हिसावले पनि ११११७२ प्याडले पुग्ने देखिन्छ । जस अनुसार ६२१४८ प्याड आवश्यकता भन्दा बढी खरिद गरेको देखिन्छ । अत वास्तविकतामा आधारित भई लागत अनुमानको आधारमा खर्च नगर्दा रू ९३२२२०।०० बढी व्ययभार पारेको नियमित गर्नुपर्ने रू<br>कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु२१५०००। मिति २०७८।८।६ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ५७ | | | **निःशुल्क पाठ्यपुस्तक अनुदान**<br>कार्यक्रम कार्यान्वियन निर्देशिका २०७७।७८ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७८ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा एकमुष्ट रु.१०३२८१६।– विद्यालयलाई अनुदान उपलब्ध गराएको छ । विद्यार्थीको प्रमाणीत कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको पाठ्यपुस्तकको रकम वरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको एकिन हुन सकिदैन । अत निर्देशिका बमोजिम सुरुमा ७५ प्रतिशत तथा EMIS विवरणको अधारमा काजगत प्रमाणित गरि थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ । | |
| ५८ | | | **संघिय शसर्त तर्फबाट अन्य खर्च**<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । सोही अनुसार हरेक कार्यक्रमको लागि सम्बन्धित मन्त्रालयगत तथा कार्यक्रमगत रुपमा कार्यक्रम सञ्चालन मार्गदर्शन जारी गरिएको हुन्छ । पालिकाले संघीय सशर्त अनुदानको बजेट खर्च गर्दा सोही मार्गदर्शन अनुसार रकम खर्च गर्नुपर्नेमा अन्य कार्यक्रममा खर्च गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालबाट जारी गरीएको स्थानीय तहबाट कार्यान्वियन गरिने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार खर्च गर्नु पर्नेमामा गाउँपालिकाले मार्गदर्शन विपरित देहायबमोजिम रु.३७३७२६३.० भुक्तानी रकम अनियमित देखिएको रु. | ३,७३७,२६३ |

| भौ.नं. र मिति | कार्यक्रम | खर्च | रकम |
|---|---|---|---|
| ३५-०७७।९।६ | मातृ तथा नवशिशु कार्यक्रम | आँखा शिविरमा खर्च | ९४२०००.० |
| ४१-२०७७।९।७ | | कोरोना अस्थायी अस्पताल निर्माणमा वैठक भत्ता | ८१०००.० |
| ४३-२०७७।९।७ | | कोरोना अस्पतालको लागि कर्मचारी छनौट | ९१५००.० |
| ४५-२०७७।९।७ | | कोरोना चेकजाँच बैठक भत्ता | १५०००.० |
| ६३-२०७७।१०।१९ | | स्वास्थ्य शिविरमा अण्डा वितरण कार्यक्रम | ६६५५०.० |
| ११८-२०७८।२।१४ | | विभिन्न भ्रमण भत्ता | १५०७५०.० |
| १६९-२०७८।३।२१ | | खोप ढुवानी भ्रमण खर्च | ३१५००.० |
| ४२-२०७७।९।७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्यसम्पादन अनुदान | विभिन्न वैठक तथा कर्मचारी छनौट वैठक भत्ता भुक्तानी | १९२०००.० |
| ४४-२०७७।९।७ | | बैठक भत्ता वितरण | ६७५००.० |
| ५६-२०७७।९।१७ | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रम समिक्षा | १० शैयाको अस्पताल निर्माण पास गर्दा खाना नास्ता र गाडी भाडा | २१२८२०.० |
| ६४-२०७७।१०।२१ | सामुदायिक विद्यालयका छात्रालाई निशुल्क सेनिटरी प्याड वितरण | मास्क सेनिटाइजर खरिद | २२५७००.० |
| १९१-२०७८।३।२४ | निशुल्क पाठ्यपुस्तक अनुदान | कार्यपालिका तथा समिक्षा बैठकमा खाना खाजा खर्च | ३८६८८३.० |

| | | | |
|---|---|---|---|
| १८९-२०७८।३।२४ | कोरोनाका कारण शिक्षण सिकाइ सहजीकरण | कोभिड राहात वितरण र ढुवानी | १२७४०६०.० |
| जम्मा | | | ३७३७२६३ |

५९

**बढी भत्ता भुक्तानी**

१०,८००

अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसञ्चालन निर्देशिका २०७५ अनुसार गाउँपालिकास्तरमा सञ्चालन हुने सहायक स्तरको तालिम कार्यक्रममा प्रति शेसन रु. ६००।– का दरले प्रशिक्षक भत्ता वितरण गर्ने उल्लेख छ । गाउँपालिकाले देहायबमोजिमको कार्यक्रममा निर्देशिकाले तोके भन्दा बढी दरमा प्रशिक्षक भत्ता वितरण गरेकोले बढी भत्ता रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| भौ.नं. | कार्यक्रम | भुक्तानी लिने | शेसन संख्या | दर | रकम | बढि रकम | प्रतिकृयाबाट हटेको रकम |
|---|---|---|---|---|---|---|---|
| ८७ | एकीकृत पाठ्यक्रम प्रवोधिकरण | नरबहादुर धामी | ५ | १५०० | ७५०० | ४५०० | ० |
| | | मदनराज जोशी | ५ | १५०० | ७५०० | ४५०० | ० |
| | | खड्क वुढा | २ | १५०० | ३००० | १८०० | ० |
| ६० | रैथाने बालि प्रवर्द्धन | सुमन कुमार सिं | ८ | १५०० | १२००० | ७२०० | ७२०० |
| जम्मा | | | | | ३००००.० | १८०००.० | ७२०० |

कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु७२००। मिति २०७८।८।६ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

६०

**कर कट्टी नगरी भुक्तानी**

१८,०००

आयकर ऐन, २०५८ को दफा ८९ अनुसार बासिन्दा व्यक्तिले करारबापत पचास हजार रुपैयाँभन्दा बढी भुक्तानी दिँदा भुक्तानीको कूल रकममा १.५ प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले प्राकृतिक भेडा वाख्रा फार्मबाट रु. १२०००००।– को ११२ वटा भेडा खरीद गरेकोमा भुक्तानीमा १.५ प्रतिशतका दरले करकट्टी नगरी भुक्तानी गरेकोले कर वापतको रकम रु.१८०००।– असुल गरी दाखिल गर्नुपर्ने रु.

६१

**वितरण भर्पाइ पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा कुनै पनि सरकारी कारोबारको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिमको भुक्तानिमा खर्च अनुसारको विलभर्पाइ संलग्न नराखेको नपुग रकमको विलभर्पाइ पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु.

| भौ.नं. | कार्यक्रम | खरिद विल | वितरण भर्पाइ | नपुग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १६० | पोषण संवेदनसिल कार्यक्रम | १९७३०० | १६७२०० | २९६०० | शुसिल वोहोराले पे.फ. गर्दा २४६ कुखुरा खरिद गरेकोमा मात्र २०९ वटा वितरण गरेको भर्पाइ पेश भएको |
| १७० | आलु पकेट कार्यक्रम | २९६००० | २५३०० | २७०७०० | १४ क्वीन्टल खरिद गरेकोमा वडाको सिफारिस अनसार २३ घर परिवारलाई ११ के.जी. आलुको विउ वितरण गरेको उल्लेख । |
| १७१ | रैथाने बालि प्रवर्द्धन कार्यक्रम | ८०००० | ४८००० | ३२००० | ४०० के.जी. गुरास दाल खरिद गरेकोमा २४० के.जी. मात्र वितरण |
| १९२ | भेडा संरक्षण कार्यक्रम | ४५५००० | ० | ४५५००० | साइपाल भेडापालन समितिले ५५ गोटा वाख्रा खरिद गरेकोमा वितरण भर्पाइ नभएको |
| जम्मा | | | | ७८७३००. | |

कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु७८७३००। मिति २०७८।८।६ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

६२

**सोझै रकम वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ मा सार्वजनिक निकायले खर्च गर्दा खर्चको मापदण्ड तय गर्नु पर्ने र कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको लाभ लागत विश्लेषण गरी नियमित अनुगमन गर्नुपर्दछ । गाउँपालिकाले अति विपन्न तथा पछाडी पारिएका महिलालाई जिविको पार्जन सुधार तथा स्वरोजगार कार्यक्रम अन्तर्गत गिता भट्टराइले पेश्की फर्छ्यौट गर्दा विभिन्न व्यवसाय सञ्चालन गर्नको लागि ४० जना महिलालाई १७०००।– का दरले रु. ६८००००।– रकम वितरण गरेकोको खर्चको मापदण्ड पेश गरी निर्दिष्ट लक्ष्य वा सुचकको आधारमा अनुगमन हुनुपर्दछ ।

६३ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले कोटेशन माग गरी त्यसैको आधारमा औषधि आपूर्तकसंग सम्झौता नै नगरी देहायबमोजिम रु.१०७१२४३.०।- बराबरको औषधी तथा औषधिजन्य सामाग्री सोझै खरीद गरेको छ ।

| भौ.नं. र मिति | आपूर्तिकर्ता | रकम | कैफियत |
|---|---|---|---|
| ९१-२०७७।१२।९ | आयुसा फार्मेसी | ८७४५२.० | |
| ९२-२०७७।१२।१२ | गोदावरी मेडिसिन सप्लायर्स | ४९९९७४.० | |
| ९३-२०७७।१२।१२ | वनदेवी मेडिसिन सप्लायर्स | ४८३८१७.० | |
| जम्मा | | १०७१२४३.० | |

औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको औषधि खरीद कार्य नगरेको, आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गर्न सकिदैन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६४ **बढी भुक्तानी** ११,७२२

४-२०७७।१२।२६, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत जनजाति लाफडि लामा भवन निर्माण उपभोक्ता समितिलाई संलग्न दर विश्लेषण अनुसार Stone masonry work (7.7 cum) रु. १०१४८।७५ का दरले रु.७८१४५.३८५ भुक्तानी दिनुपर्नेमा ओभरहेड सहित रु.११६७१.०७ का दरले रु.८९८६७।२४ भुक्तानी गरेकोले बढि भुक्तानी रकम रु.११७२१.८६ सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिल गर्नुपर्ने रु.

६५ **परामर्श सेवा**

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.२५ लाख २८ हजार खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ६६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा फिल्ड निर्माण, तटवन्धन निर्माण, घेरावार निर्माण, बाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३५१ जनालाई रोजगारी उपलव्ध गराई रु.६७३६४००.० खर्च गरेको छ । लक्षित वर्गलाई १५ दिनदेखि ३० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ६७ | | | **सामाग्रीको सुनिश्चितता वेगर योजना सम्पन्न**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहायबमोजिमको ग्याविन भर्ने सम्बन्धी कार्य गरेकोमा ग्याविन खरिद गरेको प्रमाण पेश गरेको छैन । अतः सामाग्रि प्राप्तिको सुनिश्चितता हुने विल भर्पाइ पेश गर्नुपर्ने रु. | १,५७३,१२८ |

| भौचर नं. | योजना | काम | भुक्तानी रकम |
|---|---|---|---|
| १५६ | धलौन मा.वि. फिल्ड र तटवन्धन निर्माण | Fabrication of gabion box including rolling cutting and weaving 37 box *11541.02 | 427017.0 |
| | जिमा लघु जलविघुत तटवन्धन निर्माण | Fabrication of gabion box including rolling cutting and weaving 4 box *11541.02 | 86499.0 |
| | | Packing and filling by rubble stones 12 cum*3361.25 | |
| | काँडा मा.वि. तटवन्धन निर्माण | Fabrication of gabion box including rolling cutting and weaving 49 box *11541.02 | 1059612.0 |
| | | Packing and filling by rubble stones 147 cum*3361.25 | |
| जम्मा | | | १५७३१२८.० |

| | | | | |
|---|---|---|---|---|
| ६८ | | | **बढी ग्रेड भुक्तानी**<br>यस पालिकामा कार्यरत कर्मचारी सिद्धराज जोशि (सहायक पाँचौं) लाई आ.व.२०७७/७८ को ग्रेड भुक्तानि गर्दा २०७७ असार मसान्त सम्म खाईपाइ आएको ग्रेड संख्या ६ र समायोजन बापतको दुइ ग्रेड गरी जम्मा ८ ग्रेड भुक्तानि गर्नुपर्नेमा ९ ग्रेड भुक्तानि भएकोमा बढी भुक्तानि भएको १ ग्रेडको प्रति ग्रेड ९४० का दरले १ बर्षको रु ११२८०.० सम्बन्धित कर्मचारीबाट असुल गरिनुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु११२८०। मिति २०७८।८।६ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ६९ | | | **गाडि भाडा सम्झौता**<br>८८।२०७७/९/२६ सुदूरपश्चिम प्रदेशले जारी गरेको सुदूरपश्चिम प्रदेशका स्थानिय तहका पदाधिकारीहरुको सुविधा सम्बन्धि ऐनको अनुसूची १(क) को नोटको बुदाँ नं ३ मा गाउँपालिकाका कार्यापालिका सदस्यहरुलाइ स्वदेश वा विदेश भ्रमण गर्दा लाग्रे यातायात खर्च टिकट बमोजिम उपलब्ध गराउन सकिने उल्लेख छ । यस पालिकाका कार्यपालिका सदस्य वकिल कामिले काडा बाट नेपालगञ्ज जाँदा २०७७/७/१३ मा यातायात खर्च बापत रु २००००.० र २०७७/७/१८ मा नेपालगञ्जबाट काँडा आउँदा गाडिभाडा बापत रु २००००.० गरी जम्मा रु ४००००.० यातायात खर्च लेखेको छ । जन प्रतिनिधिको भ्रमणको उद्देश्य सहित भ्रमण आदेश स्वीकृत भएको देखिदैन साथै भाडाको सम्झौता पेश छैन । अतः भ्रमणको सान्दर्भिकता पुष्टी गर्दै गाडी भाडा सम्झौता वा अन्य प्रमाण पेश गर्नु पर्ने रू | ४०,००० |

| | | | | |
|---|---|---|---|---|
| ७० | | | **प्रशिक्षक भत्ता**<br>नेपाल सरकार अर्थमन्त्रालयले जारी गरेको कार्यक्रम संचालन निर्देशिका २०७५ को नियम ७.१.१५मा तालिम केन्द्र बाहेकको अन्य निकायबाट सञ्चालित सबै प्रकारका गोष्ठि/सेमिनार/तालिममा श्रोत व्यक्ति वा प्रशिक्षकको पारिश्रमिक बापत गाउँपालिका स्तरमा अधिकृत स्तरको तालिममा कार्यपत्र बापत रु १००० र प्रशिक्षण बापत रु ४०० गरि जम्मा रु १४००.० मात्र दिन मिल्ने उल्लेखछ ।यस कार्यालयले प्रशिक्षकलाई प्रशिक्षण बापत रु १६००.० उपलब्ध गराएको पाइयो ।त्यसै गरी उक्त नियममा सम्बन्धित कार्यालयले सञ्चालन गरेको कार्यक्रममा सोही कार्यलयको श्रोतव्यक्ति भएमा कक्षा लिएबापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको पाउने उल्लेख छ । यस पालिकाले सञ्चालन गरेको तालिममा यसै पालिकाका कर्मचारीहरुले प्रशिक्षण बापतको भत्ता बुझेकोले उक्त भत्ता असुल गरिनुपर्ने रु | ४५,०३५ |

| भौ.नं./मिति | कार्यक्रम | लिएको दर | पाउने दर | बढि भुक्तानि |
|---|---|---|---|---|
| ८०।२०७७/९/२१ | सुशासन तथा क्षमता विकास तालिम | १३६००० | १००००० | ३६००० |
| १०३।२०७७/१०/७ | उपाध्यक्ष कोषेलि कार्यक्रम | ३१८७५ | २५००० | ६८७५ |
| २६९।२०७८/३/२४ | सुचना प्रविधि तालिम | ८१६० | ६००० | २१६० |
| जम्मा | | १७६०३५ | १३१००० | ४५०३५ |

| | | | | |
|---|---|---|---|---|
| ७१ | | | **असम्बन्धितलाई भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावलीको नियम ७ मा सरकारी कामको सिलिसलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकरी वा कर्मचारीले दैनिक नियमावलीको व्यवस्था अनुसार तोकिए बमोजिमको भत्ता पाउने उल्लेख छ । यस पालिकाले विभिन्न मितिमा स्थानिय पत्रकारहरुलाई यस पालिका भित्र समाचार संकलनका सिलसिलामा भ्रमण गरेबापत निम्न व्यक्तिहरुलाई भ्रमण खर्च उपलब्ध गराएको रकम सम्बन्धितबाट असुल गरिनुपर्ने । | ७७,०२० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नाम | भ्रमण अवधि | भुक्तानी रकम रु |
| | | | सुवास कठायत(AP 1पत्रकार) | २०७८/३/१२- १७ | १२०००.० |
| | | | डि.वि.विष्ट(स्थानिय पत्रकार) | २०७८/२/२१- २७ | १२०००.० |
| | | | प्रदिप मलासि (स्थानीय पत्रकार) | २०७८/१/२३- २७ | १२०००.० |
| | | | राजेन्द्र ब.सिंह (नेपाल टेलिभिजन) | २०७८/३/१०- १५ | ७०२०.० |
| | | | जनक थापा (स्थानीय पत्रकार) | २०७८/२/१५- २० | १२०००.० |
| | | | राजेन्द्र खड्का(स्थानीय पत्रकार) | २०७८/१/२३- २८ | १२०००.० |
| | | | जगदिश रोकाया(स्थानीय पत्रकार) | २०७८/१/२३- २८ | १००००.० |
| | | | जम्मा | | ७७०२०.० |

| | | | | |
|---|---|---|---|---|
| ७२ | | | **पदाधिकारीलाई मोबाइल**<br>३०२।२०७८/३/२५ सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क), १(ख), १(ग) मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था गरेको छ ।यस पालिकाले यो वर्ष होमस्टे तालिम सञ्चालन शिर्षकबाट गा.पा. अध्यक्ष, उपाध्यक्ष र कार्यपालिकाका सदस्यहरुलाई Samsung A-20 मोबाइल प्रतिगोटा रु १९९९५.० का दरले जम्मा रु २९९९२५ को खरिद गरि वितरण गरेको पाइयो । उक्त खरिद भएको मोबाइल जिन्सी अभिलेख समेत नदेखिएको र तोकिए बाहेकको सुविधा बापतको मोबाइल कार्यालयमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु<br>कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु२९९९२५। मिति २०७८।८।६ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ७३ | | | **सामाजिक सुरक्षा तर्फ** | |

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ । पालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडा समितिको रोहोवरमा वितरण गरेको पाईएन ।

७४

**नागरिकता नभएकोलाई सामाजिक सुरक्षा भत्ता** ८४,०००

नागरिता नभएकोलाई सामाजिक सुरक्षा भत्ताः- सामाजिक सुरक्षा नियमावली, २०७६ अनुसार सामाजिक सुरक्षा प्राप्त गर्न योग्य नेपाली नगरिकले नियमावलीको अनुसूची १ अनुसारको वैयक्तिक विवरण भरी निवेदन पेश गर्नुपर्ने उल्लेख छ । अनुसूची १ अनुसार लाभग्राहीको नाम, ठेगाना, नागरिकता लगाएतको विवरण भर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस आर्थिक वर्षमा नागरिकता प्राप्त गर्ने उमेर पुगेका तर नागरिकता नम्बर नभएका ३ जनालाई भत्ता वितरण गरी बार्षिक रु.८४०००।– खर्च लेखेको छ । उक्त व्यक्ति वास्तविक रुपमा भत्ता प्राप्त गर्न योग्य हुन वा होइनन् छानविन गरी लाभग्राही विवरण अध्यावधिक गर्नुपर्ने रु

७५

**लाभग्राहीको अभिलेख** ६०,०००

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १० र ११ मा लाभग्राहीको नाम व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी परिचय पत्र जारी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले व्यवस्थापन सूचना प्रणालीमा नाम समावेश भएका तर एकै नागरिकता नम्बर भएका देहायबमोजिमका लाभगाग्रीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले के कति कारणले एउटै नागरिकता नम्बर कायम भएको हो एकिन गर्नुपर्ने रु.

| सि.नं. | वडा नं. | नाम थर | ना.प्र.नं. | भत्ताको प्रकार | भुक्तानी रकम | प्रतिकृयाबाट हटेको रकम |
|---|---|---|---|---|---|---|
| १ | ३ | हरिना धामी | ७१३००१/२९५ | जे.ना. | ३६०००.० | ३६००० |
| | २ | धौली कामि | | दलित | २४०००.० | २४००० |
| २ | २ | कुमारी कामी | ४०१८ | जे.ना. | ३६०००.० | ० |
| | १ | ऐसा वोहरा | | एकल महिला | २४०००.० | ० |
| ३ | ३ | फागुनी वोहरा | ७१३००१/७० | जे.ना. | ३६०००.० | **३६०००** |
| | ३ | फागुनी बोहरा | | जे.ना. | ३६०००.० | ३६००० |
| जम्मा | | | | | १९२०००.० | १३२००० |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु१३२०००। मिति २०७८।८।६ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ७६ | | | **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम**<br>गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को ५८ मा उद्यम विकास सहजकर्ताले पेश गरेको कृयाकलापको कार्यक्रम सम्पादन र परिमाणको आधारमा अनुसूची १६ बमोजिमको प्रतिवेदन सहित भुक्तानीको लागि सिफारिस गर्नु पर्ने व्यवस्था छ । त्यसै गरी पालिकाको अनुगमन उप समितिले कार्यक्रमको चौमासिक तथा बार्षिक प्रगतिको अवस्थाको विश्लेषणका लागि नियमित स्थलगत अनुगमन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले यस कार्यक्रमको लागि रू २३६४५४६।०० खर्चको गरेकोमा निर्देशिकाले निर्धारण गरे बमोजिम नियमित स्थलगत अनुगमन गरी अनुसूची १६ को ढाँचामा भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखिएकन । अत संचालित तालिमहरुको प्रभावकारिता मापन गर्ने गरेको देखिएन । अत निर्देशिकाको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| ७७ | | | **विपद व्यवस्थापन**<br>**कार्य योजना-**<br>:<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ । | |
| ७८ | | | **विपद व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले प्रकोप व्यवस्थापन कोषको रुपमा गत वर्षको मौज्दात रु. १०२८५६६।०० र यो वर्षको आम्दानी रु.२३०९१९०।०० समेत रु.३३३७७५६।- आम्दानी भई रु.२३०९१९० खर्च गरी बाँकी रु.१०२८५६६।- देखिन्छ । | |
| ७९ | | | **बार्षिक प्रतिवेदन** | |

<table>
<tr><td></td><td></td><td></td><td>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>कोभिड १९ तर्फ<br>आ=व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः गत वर्षको अल्या रू १०२८५६६।०० तथा यो वर्षको मौज्दात रू ३१९३०४।०० भएकोले सोही अनुसार मिल्नु पर्ने । हिसाव नमिलेको
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td></td><td>राहत वितरण</td><td>१३०९१८०</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>१३०९१८०</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>०</td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td>१००००००</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>५००००</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td>५०००००</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td></td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>जनसक्ति परिचालन</td><td>४५००००</td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td></td></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td></td></tr>
<tr><td>जम्मा</td><td>२३०९१८०</td><td></td><td>२३०९१८०</td></tr>
</table></td><td>७०९,२६२</td></tr>
<tr><td>८१</td><td></td><td></td><td>कोभिड अस्पताल मर्मत</td><td></td></tr>
</table>

<table>
<tr><td>८१.१</td><td></td><td></td><td>कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६ को बुँदा न. ३ मा कोरोना भाइरस संक्रमणको रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा प्रयोग गरिने औषधि उपकरण, उपचार सामाग्री, राहत वितरण, भौतिक पुर्वाधार निर्माण, जनशक्ति परिचालन लगायतका लागि कोषको परिचालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कोरोना अस्पताल मर्मत सम्भारमा रू ४०२५१५।०० खर्च गरेकोमा कोभिड कोषको परिचालन गर्नु पर्नेमा पालिकाको पुँजिगत बजेटबाट खर्च गरेको छ । जसले गर्दा कोरोना महामारी रोकथाम तथा नियन्त्रणमा भएको वास्तविक खर्च जानकारी हुन समेत नसकिने स्थिति रहयो । निर्धारित खर्चमा कोष परिचालन गरी खर्च व्यवस्थापनलाई नियमित बनाउनु पर्दछ ।<br>यस सम्बन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>८१.२</td><td></td><td></td><td>यस पालिका अन्तर्गत यस आ.व.मा जम्मा ८ जनाको पिसिआर परिक्षणबाट ० जनाला पोजेटिभ र ३५ जनाको एन्टिजेन परिक्षणबाट ४ जना पोजेटिभ भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।
<table>
<tr><th>पेश्की लिने व्यक्तिको नाम</th><th>प्रयोजन</th><th>म्याद नाघेको पेश्की रकम</th><th>म्याद ननाघेको पेश्की रकम</th></tr>
<tr><td>लोकन्ते ट्रस ब्रिज निर्माण उ.स.</td><td>कौदयाल कोग्याली (लोकनते), थरुनिघाट झो.पु. निर्माण उ.स.</td><td>२०००००.०</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०००००.०</td><td></td></tr>
</table></td><td>२००,०००</td></tr>
<tr><td>८३</td><td></td><td></td><td>गत आर्थिक वर्ष सम्मको पेश्की बाँकी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको खर्च प्रमाणित गर्न कागजात विल, भर्पाई र कागजातसहित पेश्की फर्छ्यौट लागि निवेदन दिनु पर्ने र सम्बन्धित कार्यालयले निवेदन प्राप्त भएको सात दिनभित्र पेश्की फछ्र्यौट गरिसक्नुपर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५१ अनुसार तोकीएको म्यादभित्र पेश्की फछ्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतले व्याज समेत लगाई असुल गर्नुपर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार गत</td><td>६७,५००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक वर्षसम्मको पेश्की बाँकी यो वर्ष अल्या गरेकोमा देहायबमोजिमको उक्त पेश्की फछ्यौंट हुन बाँकी रहेको देखियो । जसमध्ये रु. ६४५३०० ०.० म्याद नाघेको पेश्की बाँकी रहेको छ । अत म्याद नाघेको पेश्की रकममा प्रति वर्ष थप १० प्रतिशत व्याज समेत असुल गरी पेश्की फछ्यौंट गर्नुपर्दछ ।
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>प्रयोजन</th><th>पेश्कीको प्रकार</th><th>नाघेको</th><th>म्यादननाघेको</th></tr>
<tr><td>लोकेन्द्र जेठारा</td><td>आधारभुत तथा आकस्मिक सेवाका लागि औषधि खरिद</td><td>कर्मचारी</td><td>६५००००.०</td><td>०</td></tr>
<tr><td>लोकेन्द्र जेठारा</td><td>क्षयरोग खोजपडताल कार्यक्रम</td><td>कर्मचारी</td><td>२५०००.०</td><td>०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६७५०००.०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजु<br>आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजू: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फस्यौंट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फस्यौंट नभएकोले नियमानुसार फस्यौंट हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८४.१</td><td></td><td></td><td>२७९- वडा नं. २ तिज विशेष कार्यक्रम सञ्चालन गरेवापत रु.९८४९१.० भुक्तानी भएकोमा जम्मा ८९१६०.० को विल भर्पाइ पेश भएकोले बाँकी रकम सुनिता बोहराबाट असुल गर्नुपर्ने रु.</td><td>९,३३१</td></tr>
<tr><td>८४.२</td><td></td><td></td><td>संघिय सरकारबाट हस्तान्तरित चालुः-<br>१२९- वाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्रको पेश्की रकम रु.१५०००००।– फछ्यौंट गर्दा रु.१५०००।– बराबरको विल नरहेकोले असुल गर्नुपर्ने रु.</td><td>१५,०००</td></tr>
<tr><td>८४.३</td><td></td><td></td><td>१५५- पालिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरुका लागि सञ्चालन गरिएको वृहत पोषण प्याकेज सम्बन्धी ७ दिने तालिममा सहभागीहरुलाई भत्ता वितरण गर्दा ८ दिन बराबरको भत्ता रकम वितरण गरिएको तथा कैफियतमा उल्लेख भए अनुसार देहायबमोजिम वितरण गरिएको रकम असुल गर्नुपर्ने रु.</td><td></td></tr>
</table>

| कर्मचारीको नाम | रकम | कैफियत |
|---|---|---|
| विरेन्द्र बोहरा | ३३६०.० | उजले बोहरको नाममा हस्ताक्षर गरि बुझिलिएको रु.२०४० |
| गणेश बोहरा | १३२० | |
| रविन्द्र बोहरा | १३२० | |
| समसेर वोहरा | १३२० | |
| निराजन बोहरा | १३२० | |
| नविन वोहरा | १३२० | |
| चम्पा पोखरेल बोहरा | १३२० | |
| सुनिता बोहरा | १३२० | |
| अर्जुन कु. बोहरा | १७८५ | हाजिरि नगरी भत्ता बुझिलिएकको |
| मेनुका बोहरा | १७८५ | |
| ज्योति विक | १३२० | |
| विना खाति | १३२० | |
| भागरति बोहरा | १३२० | |
| अमिता कुमारी लुहार | १३२० | |
| राजु बोहरा | १३२० | |
| ललिता कुमारी थापा | १३२० | |

<table>
<tr>
<td></td><td></td><td></td>
<td>
<table><tr><td>जम्मा</td><td>५८३३५.०</td><td></td></tr></table>
कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु५८३३५। मिति २०७८।८।६ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।
</td>
<td></td>
</tr>
<tr>
<td>८४.४</td><td></td><td></td>
<td>२०४- पोषण कार्यक्रम सञ्चालनको पेश्की फछ्यौंट गर्दा सामान खरिद गरेकोमा दाखिला नभएको तथा रु.३९९७९०।– भुक्तानी भएकोमा जम्मा रु.३१७८४०.० को मात्र विलभर्पाइ रहेकोले बाँकी रकम रु.८१९५०.० को विल भर्पाइ पेश गर्नुपर्ने अन्यथा असुल गर्नुर्ने रु.<br>
कार्यालयको मिति २०७८।७।१० को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु८१९५०। मिति २०७८।८।६ मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।</td>
<td></td>
</tr>
<tr>
<td>८४.५</td><td></td><td></td>
<td>गाउँपालिका पूँजीगतः-<br>
१३७- जैविक विविधता सुचना केन्द्र र होडिङ्ग बोर्डको पेश्की फछ्यौंट गर्दा सामाको माग खरिद दाखिला केहि नभएकोले नियमित गर्नुपर्ने रु.</td>
<td>३५,६००</td>
</tr>
<tr>
<td>८५</td><td></td><td></td>
<td>अनुगमन सम्परीक्षण<br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>९१७६२</td><td>४९०१३</td><td>४२७४९</td></tr>
</table>
यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।</td>
<td></td>
</tr>
</table>

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्योटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७५।७६ | ४७.६ | सामान ढुवानी वापतको विल भर्पाइ पेश भएको | | १३०००० | | | १३०००० |
| २ | | ४७.६ | समिक्षा सम्झौता प्रमाण पेश | | २९७५० | | | २९७५० |
| ३ | | ४७.४ | नापि किताब पेश भएको | | २१५७०० | | | २१५७०० |
| ४ | | ४३ | सभाको निर्णयबाट नियमित भएको | | | १५७२३३० | | १५७२३३० |
| ५ | | ३१ | चामल ढुवानी भर्पाइ र दररेट र सभाको निर्णय पेश | | १४८८००० | | | १४८८००० |
| ६ | | ३० | कैलास मन्दिर निर्माण पे.फ. | | | | १००००० | १००००० |
| ७ | | २२.३ | काँडा मावि भवन कार्यसम्पन्न प्रमाण पेश | | २२००००० | | | २२००००० |
| ८ | २०७६।७७ | ७३ | गत आ.व.को पे.फ.(हरिलाल वोहरा, लोकेन्द्र जेठारा र दलित जनप्रतिनिधि जिल्ला संचाल बाहेक) | | | | ६१३१५५० | ६१३१५५० |
| ९ | | ६१,६१.१ | सुमन सिं र सुनिता वोहरा असुल दाखिला | १४२८० | | | | १४२८० |
| १० | | ६० | चम्फा वोहरा प्रमाण पेश | | ५४७०० | | | ५४७०० |
| ११ | | ५९ | राधाकृष्ण जोशी प्रमाण पेश | | १०००० | | | १०००० |
| १२ | | ५७ | सिद्वराज जोशी असुल दाखिला | ११८३० | | | | ११८३० |
| १३ | | ५४ | गाउँसभाबाट नियमित भएको | | | २९७६४०० | | २९७६४०० |
| १४ | | ५० | जिन्सि दाखिला पेश भएको | | १९७००० | | | १९७००० |
| १५ | | ५० | छात्रावृत्ती वितरण भर्पाइ पेश | | १०४००० | | | १०४००० |
| १६ | | ४६ | आमा सुरक्षा रकम विरेन्द्र वोहराबाट असुल | २४०० | | | | २४०० |
| १७ | | ३० | मु.अ.कर समायोजन पेश (सेफ स्टिल प्रा.लि. वाहेक) | | १२६६२५० | | | १२६६२५० |
| १८ | | २९ | सुशिल वोहरा अग्रिम आय कर | ७५०० | | | | ७५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुली | | | | | |
| १९ | | २२ | प्रकोप व्यवस्थापन प्रमाण पेश | | ४४०००० | | | ४४०००० |
| २० | | २ | हिसाव मिलान विवरण पेश भएको | | ९१०६९९७ | | | ९१०६९९७ |
| २१ | २०७४।७५ | २४ | कार्यसम्पन्न प्रमाण पेश | | ८७००० | | | ८७००० |
| २२ | | २४ | जिन्सी दाखिला प्रमाण पेश | | ८९९५० | | | ८९९५० |
| २३ | | २४ | कार्यक्रम सञ्चालन प्रमाण पेश | | २९०००० | | | २९०००० |
| २४ | | २४ | सामान ढुवानी प्रमाण पेश | | २७९९०४५ | | | २७९९०४५ |
| २५ | | २२ | धलान मावि र धलान खापा योजनाको कार्यसम्पन्न पेश | | १४००००० | | | १४००००० |
| २६ | | १८ | विभिन्न योजनाको पेश्की पछ्यौंटको प्रमाण पेश | | १५४०८२८७ | | | १५४०८२८७ |
| २७ | २०७५।७६ | १४ | धुली मावि घेरवार तथा भवन निमार्ण (बढी पेश्की रकमको व्याज संघीय संचित कोषमा रु.४००००।– र स्थानीय संचितकोषमा रु.३००००।– गरी रु.७००००।– दाखिला गरी) पेश्की फछ्यौंट । | | | | २८८००६९ | |
| जम्मा | | | | 36010 | 35316679 | 4548730 | ९१११६१९ | ४९०१३०३८ |

८६

## वेरुजु अद्यावधिक

यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ९१७६२ | ४९०१३ | २४९९० | ० | ६७७३९ |


https://nams.oag.gov.np